नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

प.सं. २०७३/७४
च.नं. २०

सिंहदरबार, काठमाडौं
नेपाल।
मिति: २०७३।७।११

श्री स्थानीय शान्ति समितिको कार्यालय
सबै (७५)।

विषय: मागमा आधारित कार्यक्रम उपलब्ध गराउने सम्बन्धमा।

यस मन्त्रालयको आ.व.०७३/०७४ को स्थानीय शान्ति समिति कार्यक्रम ३४९८०१ तर्फ मागमा आधारित कार्यक्रमका लागि प्रत्येक जिल्लामा रु ५,००,०००।- ( रु. पाचलाख ) उपलब्ध गराईने कार्यक्रम रहेको छ। तपशिल बमोजिमका कार्यक्रम एवं स्थानीय शान्ति समितिको काम, कर्तव्य र अधिकारलाई टेवा पुग्ने खालका तपशिल बमोजिमका कार्यक्रम मध्ये कम्तिमा ५ वटा बाट नघटने गरी स्थानीय शान्ति समितिको बैठकबाट निर्णय गरी निर्णयको प्रतिलिपि समेत संलग्न राखी आगामी २०७३ साल मंसीर १५ गते भित्र यस मन्त्रालयमा आइपुग्ने गरी उपलब्ध गराईदिनु हुन अनुरोध छ। साथै कार्यक्रम माग गर्दा कार्यक्रमको अवधि, सहभागी संख्या, तालिमको विषय, लाभान्वित समूह आदि उल्लेख गरी नियमानुसारको लागत अनुमान समेत राखी पठाउनुहुन आदेशानुसार अनुरोध छ।

(दुर्गा प्रसाद भुर्तेल)
उप सचिव

*तपसील*

- द्वन्द्वपीडितहरुलाई पुनर्मिलन तथा सम्मान कार्यक्रम
- शान्ति निर्माण सम्बन्धी स्थानीय शान्ति समितिका गतिविधिहरु समेटी पुस्तक/स्मारिका/बुलेटिन प्रकाशन
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट संचालन भएको कार्यक्रमको अनुगमन
- न.पा./गा.वि.स. स्तरीय शान्ति समिति गठन, अभिमुखिकरण
- सडक नाटक तथा शान्ति सम्बन्धी गतिविधि प्रदर्शन
- शान्ति प्रवर्द्धन तथा द्वन्द्व न्यूनिकरणमा टेवा पुग्ने गरी जिल्लाका सबै सरोकारवालासंग अन्तरक्रिया तथा छलफल कार्यक्रम
- द्वन्द्व प्रभावित व्यक्ति परिवारको लागि मनोसामाजिक परामर्श, सामाजिक अन्तरघुलन कार्यक्रम
- शान्तिका लागि रेडियो/पत्रपत्रिका कार्यक्रम
- न्यायका लागि द्वन्द्वपीडितको भूमिका विषयक विचार गोष्ठी, छलफल तथा अन्तर्क्रिया कार्यक्रम
- द्वन्द्वपीडित तथा परिवारलाई सिप विकास तालिम
- सरोकारवाला पक्षसँग भेटघाट (शहिद परिवार, बेपत्ता परिवार, घाइते अपाङ्ग)
- वक्तृत्वकला प्रतियोगिता (मा.वि. तथा उच्च मा.वि.का छात्र छात्राहरुबीच) शान्ति निर्माणमा राजनीतिक दल, राजनीतिक दलको भात्री संगठन तथा युवाहरुको भूमिका
- शान्ति प्रवर्द्धन, मध्यस्थता, मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी तालिम
- स्थानीय शान्ति समिति, (गा.वि.स./न.पा. समेत) र सरोकारवालाहरुको क्षमता विकास कार्यक्रम
- शान्ति पद यात्रा/ शान्ति सभा कार्यक्रम
- उत्कृष्ट न.पा./गा.वि.स. स्तरीय शान्ति समितिहरुलाई सम्मानित/पुरस्कृत गर्ने
- **नोट:- अन्तर जिल्ला भ्रमणको कार्यक्रम र टोपि, ज्याकेट जस्ता प्रचार सामाग्री निर्माण प्रस्ताव नगर्नुहुन, ।**

"दीगो शान्तिका लागि राजनैतिक स्थिरता"

फोन नं.: ४२११८९, ४२११०८९, ४२१११७१, ४२१११७६, ४२११५५०
फ्याक्स : ९७७-१-४२१११८६
E-mail : info@peace.gov.np